बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)
बैठक क्रम संख्याः प्रथम
अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ
मितिः २०८२।०४।३०, शुक्रबार
स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल, मालिङ ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | Humraj |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९ | " तिलोकचन्द्र गुरुङ | जनस्वा० प्रा० | " | |
| २० | " सन्तोष गुरुङ | रोजगार संयोजक | " | |
| २१ | प्रकाश शेरचन | ले.ई. | " | |
| २२ | " तिलक के.सी. | आ.ले.प | " | |
| २३ | " दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " | |
| २४ | " चित्र घर्ती | योजना शाखा | " | |
| २५ | " वसन्त पौडेल | भेटनपाल | " | |
| २६ | अनिल पौडेल | | | |

## प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार

**प्रस्ताव नं १ . स्थानीय भूउपयोग वर्गीकरण योजना प्रतिवेदन स्वीकृत सम्बन्धी ।**

**निर्णय नं १.** भूउपयोग ऐन २०७६ को दफा ३२ तथा नियमावली २०७९ को नियम ५ को उपनियम ७ बमोजिम स्थानीय भूउपयोग परिषदबाट मिति २०७९ मंसिर २१ गते कृषि र ग्रैह कृषि क्षेत्र वर्गीकरण गरिएको। ऐ नियमावली २०७९ (संशोधन सहित ) को नियम १२ को उपनियम ४ बमोजिम भूउपयोग क्षेत्र १० वटै क्षेत्रमा वर्गीकरण गरी कित्ताकाट विवरण, हार्डकपी र डाटाबेस सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा अभिलेख गरी सोही बमोजिम जग्गा कारोबार गर्नुपर्ने व्यवस्था रहेको हुँदा जग्गा कारोबार र कित्ताकाटमा भूउपयोग नक्सा तथा कित्तागत विवरणका लागि मिति २०८१।०९।२९ मा भूउपयोग योजना निर्माणका लागि परामर्श प्रस्ताव आह्वान अनुमति प्राप्त भएको। यसरी सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम म्याप नेपाल इन्जिनियरिङ कन्सलटेन्सी प्रा. लि., महालक्ष्मी-४, ललितपुरसँग भूउपयोग योजना निर्माणका लागि परामर्श सेवा लिने सम्झौता भई यस संस्थाबाट गत आ. व. २०८१।०८२ मा प्रतिवेदन तयार भएको छ। उक्त प्रतिवेदनलाई भूउपयोग ऐन २०७६ तथा नियमावली २०७९ (संशोधन सहित ) बमोजिम परिमार्जनसहित स्वीकृत गर्ने र स्वीकृत प्रतिवेदनका आधारमा कित्ताकाट विवरण, हार्डकपी र डाटाबेस जिल्लास्थित मालपोत कार्यालय र नापी कार्यालयमा पठाई सोहि बमोजिम जग्गा कारोबार तथा कित्ताकाट सम्बन्धी कार्य गर्ने निर्णय।

**प्रस्ताव नं २. पालिका वा अन्तर्गतका कार्यलयहरुमा कार्यरत स्थानीय करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा।**

**निर्णय नं २.** पालिका वा अन्तर्गतका कार्यलयहरुमा कार्यरत करार सेवाका सम्पूर्ण कर्मचारीहरुको मिति २०८२।०४।०१ देखि लागू हुने गरी २०८२ असोजमसान्तसम्मको लागि ३ महिना म्याद थप गर्ने। साथै कार्यरत सम्पूर्ण कर्मचारीहरुले अनुशासन र आचारसंहिताको पालना गर्नुपर्ने।

**प्रस्ताव नं ३. कर्मचारीको स्तर बृद्धि सम्बन्धी।**

**निर्णय नं ३.** गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि मिति २०८२।०३।११ प्रकाशित तहबृद्धि सूचनाबमोजिम अन्तिम दरखास्त मिति २०८२ असार २५ सम्म पर्न आएका आवेदनउपर कारवाही गर्दा प्राविधिक शाखामा कार्यरत सब इन्जिनियर श्री **प्रकाश शेरचनले** ५ वर्षको औषत कार्यसम्पादन मूल्याङ्कन अङ्कमा ९५ प्रतिशतभन्दा बढी अर्थात ९८ प्रतिशत कार्यसम्पादन मुल्याङ्कन अंक प्राप्त गरेकोले स्थानीय सेवा ऐन, २०७९ को दफा २७ र नियमावली, २०८० अनुसार अधिकृत छैंठौं, **सिनियर सब इन्जिनियर** पदमा तहबृद्धि गर्न स्वीकृत दिने।

क्वोलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

**प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार**

**प्रस्ताव नं ४. मिदिम र रुदी खोला (नदीजन्य पदार्थ) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न अनुमति सम्बन्धमा।**

**निर्णय नं ४** . मिदिम र रुदी खोला(नदीजन्य पदार्थ) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न प्रस्ताव आह्वानका लागि अनुमति प्रदान गर्ने।

**प्रस्ताव नं ५. निर्माणाधीन १५ शैया अस्पतालको ठेकेदार कम्पनी T.D.R. - Jayabageshwori Mata J. V. सँग म्याद थप सम्बन्धमा।**

**निर्णय नं ५.** साल्मेभञ्ज्याङ १५ शैया अस्पताल निर्माणका लागि यस गाउँ कार्यपालिकाको कार्यलयबाट ठेक्का नं- 08/NCB/WORKS/KGP/077/078 को **ठेकेदार कम्पनी T.D.R. - Jayabageshwori Mata J.V.सँग** कार्यसम्झौता भएकोमा दुई पटक म्याद थप भई विभिन्न कारणले कार्यसम्पन्न नभएकोले, निर्माणाधीन १५ शैया अस्पताललाई पूर्णता दिन ठेकेदार कम्पनीले पुन : १ वर्ष यस कार्यालयलाई म्याद थपिदिन आग्रह गरेकोले, कम्तिमा १ / १ वर्षको कार्यसम्पादन जमानत म्याद थप, पेश्की जमानत म्याद थप र ईन्स्योरेन्स म्याद थप लगायत सक्कलै सम्पूर्ण कागजातहरु मिति २०८२।०५।०९ भित्रै पेश भएमा मिति २०८३।०५।०९ सम्म पुन: १ वर्ष निर्माण सम्पन्नताका लागि म्याद थप गर्ने निर्णय।

**प्रस्ताव नं ६. कर्मचारी विज्ञापन अनुमति सम्बन्धमा।**

**निर्णय नं ६.** सशर्त कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा देहायका कार्यक्रम सञ्चालन गर्नका लागि संघीय सरकार र स्थानीय तहबाट रकम विनियोजन भएकोले विज्ञापनका लागि अनुमति प्रदान गर्ने।

**देहाय**

| क्र.सं. | कार्यक्रम | कर्मचारी पद /संख्या | कैफियत |
|---|---|---|---|
| १. | सुरक्षित आप्रावासन कार्यक्रम SaMi IV Phase | मनोसामाजिक परामर्शकर्ता- १ जना र रिटर्नीहरु -२ जना | • रोजगार सेवा केन्द्र<br>• श्रम, रोजगारतथा सामाजिक सुरक्षा मन्त्रालयबाट तोकिएको योग्यता |
| २. | म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य, मेरो घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | जनस्वास्थ्य निरिक्षक- १ जना | • स्वास्थ्य शाखा<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तोकिएको योग्यता |

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

## प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार

**प्रस्ताव नं ७. आवधिक योजना निर्माण प्रकृया सम्बन्धमा ।**

**निर्णय नं ७.** क्व्होलासोथार गाउँपालिकाको प्रथम त्रिवर्षीय आवधिक योजना ( २०७९।८०-२०८१।८२) कार्यान्वयनमा आई समयावधी समाप्त भइसकेकोले दोस्रो पञ्चवर्षीय आवधिक योजना ( २०८२।८३-२०८६।८७) निर्माण प्रकृया अगाडी बढाउन अनुमति दिने ।

**प्रस्ताव नं ८. लेखा समिति सदस्य संशोधन सम्बन्धी ।**

**निर्णय नं ८.** यस गाउँपालिकाको लेखा समिति सदस्य सचिव संशोधन गरी देहायको समिति गठन हुने निर्णय ।

**लेखा समिति**

| | |
|---|---|
| का. पा. सदस्य आसविर गुरुङ | – संयोजक |
| का. पा. सदस्य केश कुमारी गुरुङ | - सदस्य |
| बरिष्ठ आ. ले.प.तिलक के. सी. | - सदस्य सचिव |

**प्रस्ताव नं ९ . स्वमुल्याङ्कन समन्वय समिति गठन सम्बन्धमा ।**

**निर्णय नं ९.** यस गाउँपालिकाको (LGPAS ) स्वमूल्याङ्कन कार्यविधि २०८२ को दफा १४ (१) बमोजिमको कार्यसम्पादनका लागि देहाय बमोजिमको स्वमुल्याङ्कन समन्वय समिति गठन गर्ने । ऐ. कार्यविधिको दफा १४ (२) बमोजिम यस समितिले प्राविधिक सहयोगका लागि सम्बन्धित विषयगत शाखा हेर्ने कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्ने निर्णय ।

**स्वमुल्याङ्कन समन्वय समिति**

| | |
|---|---|
| प्र.प्र.अ. माधव प्रसाद वाग्ले | – संयोजक |
| स्वास्थ्य प्रमुख त्रिलोकचन्द्र गुरुङ | - सदस्य |
| लेखा प्रमुख वसन्त पौडेल | - सदस्य |
| पुर्वाधार प्रमुख प्रकाश शेरचन | - सदस्य |
| योजना प्रमुख चित्र घले | - सदस्य सचिव |

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

## प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार

**प्रस्ताव नं १०. मध्यमकालिन खर्च संरचना (MTEF) निर्माणका लागि कार्यदल गठन सम्बन्धमा।**

**निर्णय नं १०.** क्होलासोथार गाउँपालिकाको मध्यकालिन खर्च संरचना निर्माणका लागि देहाय बमोजिमको कार्यदल (Action Force) निर्माण गर्ने।

कार्यदल

| | |
|---|---|
| संयोजक | -प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | -स्वास्थ्य शाखा प्रमुख |
| सदस्य | -शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख |
| सदस्य | -प्रशासन तथा योजना शाखा प्रमुख |
| सदस्य | -पूर्वाधार शाखा प्रमुख |
| सदस्य | -लेखा शाखा प्रमुख |
| सदस्य | -आन्तरिक लेखा परिक्षण शाखा प्रमुख |
| सदस्य | -कृषि विकास शाखा प्रमुख |
| सदस्य | -पशु सेवा शाखा प्रमुख |
| सदस्य | -मेड्पा शाखा प्रमुख |
| सदस्य | -सामाजिक सुरक्षा शाखा प्रमुख |

**प्रस्ताव नं ११. सार्वजनिक खरिद इकाइ र मुल्याङ्कन समिति नवीकरण सम्बन्धमा।**

**निर्णय नं ११.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम २ सँग सम्बन्धित सार्वजनिक निकायमा खरिद गर्ने कर्मचारीको योग्यता मापदण्ड, २०७८ बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०।०६।२४ को नि. नं. (२) र अनुसार गठित देहायको इकाइलाई नवीकरण गर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम देहायको मुल्याङ्कन समिति गठन गर्ने।

**क) सार्वजनिक खरिद इकाई**

संयोजक – अधिकृत त्रिलोकचन्द्र गुरुङ

सदस्य - अधिकृत आशाकुमारी गुरुङ

सदस्य सचिव- अधिकृत चित्र घले

**ख) मुल्याङ्कन समिति**

अध्यक्ष- प्र प्र अ माधव प्रसाद वाग्ले

सदस्य- सू प्र अ अनिल पौडेल

सदस्य- अधिकृत चित्र घले

सदस्य- सिनियर सब ई. प्रकाश शेरचन

सदस्य- लेखापाल वसन्त पौडेल

क्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

**प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार**

**प्रस्ताव नं १२ . आन्तरिक सभा हल सुधार सम्बन्धमा।**

**निर्णय नं १२.** गाउँ कार्यपालिकाको सभाहलमा सभा सञ्चालनका लागि ठाउँ अपुग भएको हुँदा फराकिलो सभा हल बनाउन प्राविधिक शाखाको लागत अनुमान र सिफारिस अनुसार आन्तरिक हल सुधार गर्न अनुमति प्रदान गर्ने।

**प्रस्ताव नं १३ . विपद प्राधिकरणबाट स्वीकृत अस्थायी आवास (८ वटा) निर्माण को लागि १० प्रतिशत रकम जम्मा गर्ने सम्बन्धमा।**

**निर्णय नं १३ .** मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को दफा ५ बमोजिम जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८२।०२।१४ को बैठकबाट यस क्होलासोथार गाउँपालिका वडा नं ३ बगुमका तपशिलका आठ (८) जना घर परिवारलाई NDRRMA MIS लाभग्राहीहरु कायम गरेको हुँदा, लाभग्राहीहरुलाई प्रतिपरिवार रु ४,५०,००० को १०% का दरले हुन आउने रकम रु ३,६०,००० (रुपैंया तीन लाख साठी हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट जिल्ला विपद व्यवस्थापन कोषमा जम्मा गर्ने।

| क्र.सं. | लाभग्राहीको नाम, थर | निस्सा नं | स्थानीय तहले जम्मा गर्नुपर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | भिम बहादुर घले | १३६२-८-१ | ४५,०००। | पुनर्निमाण |
| २. | लिल कुमारी गुरुङ | १३६२-८-२ | ४५,०००। | पुनर्निमाण |
| ३. | निरज गुरुङ | १३६२-८-३ | ४५,०००। | पुनर्निमाण |
| ४. | शेष बहादुर गुरुङ | १३६२-८-४ | ४५,०००। | पुनर्निमाण |
| ५. | अमर बहादुर गुरुङ | १३६२-८-५ | ४५,०००। | पुनर्निमाण |
| ६. | रेल बहादुर गुरुङ | १३६२-८-६ | ४५,०००। | पुनर्निमाण |
| ७. | होम बहादुर गुरुङ | १३६२-८-७ | ४५,०००। | पुनर्निमाण |
| ८. | चन्द्र राज गुरुङ | १३६२-८-८ | ४५,०००। | पुनर्निमाण |
| | | जम्मा | रु ३,६०,०००। (रुपैंया तीन लाख साठी हजार मात्र) | |

**प्रस्ताव नं १४ . गत आ व २०८१।०८२ को छुट भुक्तानी रकम प्रमाणित सम्बन्धमा।**

**निर्णय नं १४ .** यस गाउँ कार्यपालिकाबाट आ.व. २०८१।०८२ मा विविध कारणले भुक्तानी हुन नसकेका विषयहरुको तपसिल बमोजिमको म.ले.प. फाराम नं २२१, कच्चावारी स्वीकृत गरी प्रमाणित गर्ने निर्णय।

क्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

**प्रस्ताव नं १५. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवध्दता सम्बन्धी**

**निर्णय नं १५.** यस गाउँपालिकाको विभिन्न विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवध्दता गर्ने बार्षिक नीति तथा कार्यक्रम र बजेट २०८२/८३ बाट पारित भएको हुँदा सोही बमोजिम विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकरण गरी आवध्यता गर्ने ।

**प्रस्ताव नं १६. निर्माणधिन क्व्होम्रे डाँडा पर्यटकीय स्थल निर्माण म्याद थप सम्बन्धमा**

**निर्णय नं १६.** गण्डकी प्रदेश समपुरक अनुदान मार्फत क्व्होलासोथार गाउँपालिका वडा नं ६ पसगाउँ स्थित **Komre Danda Paryetakiya Sthal Nirman** ठेक्का नं 02-NCB/WORKS/KGP/2081/82 योजनाका लागि यस गाउँ कार्यपालिकाको कार्यालय र निर्माण कम्पन्नी घनपोखरा निर्माण सेवा बीच मिति २०८१/०८/१७ गते भएको कार्यसम्झौता बमोजिम मिति २०८२/०२/३१मा सम्पन्न गर्नुपर्ने भनि उल्लेख गरिएकोमा उक्त समयावधीमा ८८.०८% भौतिक तथा आर्थिक प्रगती भएकोले बाँकी ११.९२% निर्माण सम्पन्न गर्न ठेकेदार कम्पन्नीको निवेदन तथा आवश्यक कागजात यस कार्यालयमा पेश भएको हुँदा उक्त कार्य सम्पन्नको लागि गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी १२ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १७. विविध**

**निर्णय नं १७.**

क) तमु समुदायको मौलिक धर्म, संस्कार, संस्कृति संरक्षण (ऐतिहासिक थाकथलो क्व्होलासोथार संरक्षण) गर्न मादी गाउँपालिका, कास्कीसँग समन्वय गरी क्व्होलासोथार संरक्षणमा अगाडी बढ्ने ।

ख) वडा नं ४ निवासी बर्ष १८ का मनोज गुरुङ, जनैपुर्णिमाका दिन दुधपोखरीमा बेपत्ता भएको हुँदा खोज उद्धारका लागि सम्बन्धित निकायमा समन्वय गर्ने तथा उद्दार खर्च स्थानीय तह विपद व्यवस्थापन कोषबाट बेहोर्ने ।

ग) वडा नं ७ स्थित भोजे स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

घ) प्रदेश कार्यालय अन्तर्गत रहेको नागरिक आरोग्य सेवा केन्द्र यस गाउँपालिकामा हस्तान्तरण भएको हुँदा यसको सञ्चालन स्वामित्व गाउँपालिकाले स्वीकार्ने र कार्यरत कर्मचारीलाई पालिका अन्तर्गत राखि तलब भत्ता उपलब्ध गराउने ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

## प्रथम कार्यपालिका बैठक २०८२।०४।३० शुक्रवार

म.ले.प.फाराम नं: २२१

नेपाल सरकार/ प्रदेश सरकार/स्थानीय सरकारको छा

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय लमजुङ
कार्यालय कोड नं. ८०४३७५०१
भुक्तानी दिन बाँकीको बिवरण

बजेट उपशीर्षक नं

आर्थिक वर्ष: २०८१।८२

| दायित्व सृजना भएको मिति | संकेत नं | खर्च शीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम रु. | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| 2082-03-12 | | २२५२२ | महिला लक्षित आयआर्जन कार्यक्रम | कार्यक्रम सम्पन्न भएको भुक्तानिको प्रकिया पुरा भएको | शान्ति गुरुङ घले | १९७०० | प्रणालिगत समस्या |
| 2082-03-23 | | २११२२ | टनेल प्याष्टक बितरण कार्यक्रम (५०%) अनुदान | कार्यक्रम सम्पन्न भएको भुक्तानिको प्रकिया पुरा भएको | किसान कृषि पसल | ७९५८८ | प्रणालिगत समस्या |
| 2082-03-11 | | | क्यालेन्डर छपाई | करयोग्य रकमबाट बजेट खर्च लेखि करयोग्यबाट कर कट्टी गरि भुक्तानि | पब्लिक छापाखाना | १८५३१ | कम भुक्तानि |
| 2082-03-24 | | | सवारी साधन मर्मत | भुक्तानी गर्दा कर बढि काटिएको | सम्मर मोटरसाइकल मर्मत सेन्टर | १५२४१ | कम भुक्तानि |
| 2082-03-20 | | | अनिता रिमालको क्षयरोग कार्यक्रमको बेरुजु | आन्तरिक बेरुजु खातामा जम्मा भएको | संघीय बेरुजु खाता | ५१९०० | संघीय बेरुजु खातामा जम्मा गर्नुपर्ने रकम आन्तरिक बेरुजु खातामा जम्मा भएको |
| जम्मा | | | | | | १८४९६० | |

उपरोक्त ब्यहोरा ठीक छ भनी

| तयार गर्ने:...... | पेस गर्ने:........ | प्रमाणित गर्ने:.......... |
|---|---|---|
| नामः | नामः | नामः |
| पद: | पद: | पद: |
| मितिः | मितिः | मितिः |

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३